# सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मधुपट्टी, सप्तरी (प्रदेशनं. २, नेपाल)

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१२

**विषय : स्वयम्सेवक शिक्षक पदपूर्तिको लागि विज्ञापन प्रकाशन गरिएको सम्बन्धमा ।**

स्वयम्सेवक शिक्षक छनौट समितिको मिति २०७७/०६/२७ गतेको निर्णय अनुसार सुरुङ्गा नगरपालिका सप्तरी अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा शिक्षक अभाव पूर्ति गर्नदेहायबमोजिमका स्वयम्सेवक शिक्षक पदहरूमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले स्थायी अध्यापन अनुमति पत्र प्राप्त तथा योग्यता पुगेका नेपाली नागरिकहरूबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

१. **सेवा करारमा नियुक्ति गर्नुपर्ने स्वयम्सेवक शिक्षक पदहरू :**

**क. पद : स्वयम्सेवक शिक्षक** **तह : आधारभूत तह (कक्षा १-५)** **कुल पद संख्या : ७**

| क्र. सं. | विज्ञापन नं. | समूह | पद संख्या | उमेरको हद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १/२०७७-७८ | खुला | ४ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षातर्फ सम्बन्धित विषयमा १०+२ (कक्षा ११ र १२) वा सो सरह उत्तीर्ण | |
| २. | २/२०७७-७८ | महिला | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| ३. | ३/२०७७-७८ | आदिवासी/जनजाति | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| ४. | ४/२०७७-७८ | मधेसी | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| | **जम्मा** | | ७ | | | |

**ख. पद : स्वयम्सेवक शिक्षक** **तह : आधारभूत तह (कक्षा ६-८)** **कुल पद संख्या : १६**

| क्र. सं. | विज्ञापन नं. | समूह | विषय | पद संख्या | उमेरको हद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ५/२०७७-७८ | खुला | नेपाली | २ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षातर्फ सम्बन्धित विषयमा १०+२ (कक्षा ११ र १२) वा सो सरह उत्तीर्ण | जम्मा पद संख्या : ४ |
| २. | ६/२०७७-७८ | महिला | नेपाली | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| १. | ७/२०७७-७८ | आदिवासी/जनजाति | नेपाली | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| २. | ८/२०७७-७८ | खुला | अंग्रेजी | २ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षातर्फ सम्बन्धितविषयमा १०+२ (कक्षा ११ र १२) वा सो सरह उत्तीर्ण | जम्मा पद संख्या : ४ |
| ३. | ९/२०७७-७८ | महिला | अंग्रेजी | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| ४. | १०/२०७७-७८ | आदिवासी/जनजाति | अंग्रेजी | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| ५. | ११/२०७७-७८ | खुला | विज्ञान/गणित | ३ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट | जम्मा पद |

# सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मधुपट्टी, सप्तरी (प्रदेशनं. २, नेपाल)

**प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१२**

| क्र. सं. | विज्ञापन नं. | समूह | विषय | पद संख्या | उमेरको हद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६. | १२/२०७७–७८ | महिला | विज्ञान/ गणित | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | शिक्षातर्फ सम्बन्धित विषयमा १०+२ (कक्षा ११ र १२) वा सो सरह उत्तीर्ण | संख्या : ५ |
| ७. | १३/२०७७–७८ | आदिवासी/ जनजा ति | विज्ञान/ गणित | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| ९. | १४/२०७७–७८ | खुला | सामाजिक | २ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षातर्फ सम्बन्धित विषयमा १०+२ (कक्षा ११ र १२) वा सो सरह उत्तीर्ण | जम्मा पद संख्या : ३ |
| १०. | १५/२०७७–७८ | महिला | सामाजिक | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| | जम्मा | | | १६ | | | |

**ग. पद : स्वयम्सेवक शिक्षक** **तह : माध्यमिक तह (कक्षा ९–१०)** **कुल पद संख्या : ३**

| क्र. सं. | विज्ञापन नं. | समूह | विषय | पद संख्या | उमेरको हद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १६/२०७७–७८ | खुला | नेपाली | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षातर्फ सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| २. | १७/२०७७–७८ | खुला | अंग्रेजी | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| ३. | १८/२०७७–७८ | खुला | विज्ञान/गणित | १ | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | | |
| | जम्मा | | | ३ | | | |

२. दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू :
- क. तोकिएको स्थानमा परीक्षा दस्तूरतिरेको सक्कल रसिद १ प्रति,
- ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
- ग. समावेशी समूहको लागि **"सो जाति/समूह/समुदायको हो"** भनी सम्बन्धित निकायको सिफारिस १ प्रति,
- घ. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरू : लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति,
- ङ. शिक्षक सेवा आयोगबाट सम्बन्धित तहका लागि जारी गरिएको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति,
- च. सामुदायिक विद्यालयमा सम्बन्धित तहमा स्वीकृत दरबन्दी वा राहत शिक्षक पदमा काम गरेको भए शिक्षण अनुभवकोप्रमाणपत्र/सिफारिसको सक्कल प्रति,
- छ. विदेशी शिक्षण संस्था वा विश्वविद्यालयमा अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

३. दरखास्त फाराम भर्ने अन्तिम मिति : २०७७ मंसिर ४ गतेसम्म ।

४. दरखास्त फाराम पाइने/बुझाउने स्थान र समय : विहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म शिक्षा, युवा तथा खेलकुद शाखा ।

५. लिखित परीक्षाको पाठ्यक्रम : शिक्षक सेवा आयोगबाट सम्बन्धित तह र विषयको लागि निर्धारित २०७६ सालको नयाँ पाठ्यक्रमIwww.tsc.gov.np मा हेर्नसकिने छ ।

६. परीक्षाको किसिम र लिखित परीक्षा योजना : लिखित परीक्षा, आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

# सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मधुपट्टी, सप्तरी (प्रदेशनं. २, नेपाल)

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१२

लिखित परीक्षा योजना

| खण्ड | विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | अङ्क भार | समय |
|---|---|---|---|---|---|---|
| (क) | सामान्य परीक्षा (विज्ञापन भएका सबै विषयको लागि) | १०० | ५० | ५० | ५०x२ | १ घण्टा |
| (ख) | सम्बन्धित विषयको विषयगत परीक्षा | १०० | ४० | १० | १०x१० | ३ घण्टा |

७. आवेदन फाराम तथा परीक्षा दस्तूर : आवेदन फाराम दस्तूर रू. ३०/- (तीस) लाग्नेछ । परीक्षा दस्तूर वापत एक मात्र विज्ञापनको लागि रू. ५००/- (पाँच सय) र थप समावेशी समूहको विज्ञापनको लागि प्रति समूह रू. ४००/- (चार सय) लाग्नेछ। परीक्षा दस्तूर बुझाएवापत तोकिएको स्थानबाट रसिद उपलब्ध गराइनेछ ।

८. परीक्षा हुने मिति, समय र स्थान : लिखित परीक्षाको मिति, समय र स्थानसम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ। लिखित परीक्षाको नतिजासंगै अन्तर्वार्ताको मिति, समय र स्थान निर्धारण एवं प्रकाशन गरिनेछ । प्रयोगात्मक परीक्षा आवश्यक परेमा स्वयम्सेवक शिक्षक छनौट समितिले तोकेबमोजिम हुनेछ ।

९. परीक्षा प्रणालीबाट नियुक्तिका लागि सिफारिस हुने उम्मेदवारहरूको नियुक्ति नगरपालिकाले गर्नेछ ।

१०. नगरपालिकाले स्वयम्सेवक शिक्षक नियुक्ति गर्नुअघि पदस्थापन हुने सामुदायिक विद्यालयहरूको सूची प्रकाशन गरी सिफारिस हुने उम्मेदवारहरूलाई छान्न लगाई योग्यताक्रम (Merit List) का आधारमा पदस्थापन हुने विद्यालय निर्धारण गरी नियुक्ति तथा पदस्थापन गरिनेछ ।

११.समावेशी समूहबाट उम्मेदवार हुने व्यक्तिले कुनै एक समूहबाट मात्र प्रतिस्पर्धा गर्नसक्नेछ । तर, महिलाको हकमा यो व्यवस्था लागू हुनेछैन ।

१२. स्वयम्सेवक शिक्षकले निर्वाह भत्तास्वरूप आधारभूत र माध्यमिक तहको हकमा मासिक क्रमशः रू. १५,०००।- र रू. १८,०००।- पाउनेछन्, भने पोशाक भत्ता स्वरूप वार्षिक रू.५,०००।- पाउनेछन् ।

१३. दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयम्ले "**सक्कल बमोजिम नक्कल ठीक छ**" भनी प्रमाणित गरेको हुनुपर्नेछ ।

१४. दरखास्त फाराममा उल्लिखित विवरणहरू : उम्मेदवारको **नाम/थर,ठेगाना, विज्ञापन नं., पद, तह, विषय, खुला र समावेशी समूह** समेत उल्लेख गरी तोकिएका **कागजातहरू सिलसिलेवार नत्थी गरी पञ्जिका** सहित बुझाउनुपर्नेछ ।

१५. सूचना/विज्ञापनमा कुनै विवरण फेरबदल वा संशोधन गर्न आवरश्यक परेमा दरखास्त दिने अन्तिम मितिले ५ दिन अघिसम्म कार्यालयले फेरबदल वा संशोधन गर्नसक्नेछ । सूचना/विज्ञापनसम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

हिरालाल राना